नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/८/०७८/७९

मिति: २०७८/१०/०३

# सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुकालागि यस बैंकबाट वित्तीय साक्षरता ढाँचा (Financial Literacy Framework) जारी भएको सन्दर्भमा इजाजतपत्रप्राप्त संस्थाहरूका गतिविधि सोही ढाँचाअनुरूप नियमित र व्यवस्थित बनाउने उद्देश्यले संलग्न बमोजिमको **"वित्तीय साक्षरता मार्गदर्शन, २०७८"** जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

कार्यकारी निर्देशक

# वित्तीय साक्षरता मार्गदर्शन, २०७८

## १) परिचय

वित्तीय साक्षरता वित्तीय स्थायित्वको आधारशिला हो । वित्तीय प्रणाली प्रति विश्वास कायम राख्न र बढीभन्दा बढी आर्थिक गतिविधिलाई वित्तीय प्रणालीमा समावेश गर्न यसको महत्व रहन्छ । वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले विगतदेखि नै वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । वित्तीय साक्षरताको अभियानमा नेपाल राष्ट्र बैंकको साथै इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको समेत भूमिका वृद्धि गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी बैंकले वित्तीय साक्षरता अभिवृद्धि गर्न विभिन्न निर्देशनहरु जारी गर्दै आएको छ । यद्यपि, विभिन्न संस्थाका छरिएका कार्यक्रमबाट वित्तीय साक्षरता प्रवर्द्धन अभियानले अपेक्षित गति लिन नसकेको हुँदा यस्ता कार्यक्रमलाई थप व्यवस्थित र समन्वयात्मक ढंगले एकीकृत रूपमा अघि बढाउन वित्तीय साक्षरता ढाँचा (Financial Literacy Framework) जारी भएको सन्दर्भमा इजाजतपत्रप्राप्त संस्थाहरूका गतिविधि सोही ढाँचाअनुरूप नियमित र व्यवस्थित बनाउने उद्देश्यले यो वित्तीय साक्षरता मार्गदर्शन, २०७८ जारी गरिएको छ ।

## २) वित्तीय साक्षरता मार्गदर्शनको उद्देश्य

यस मार्गदर्शनको उद्देश्य देहायबमोजिम रहेका छन् :–

१. वित्तीय साक्षरताको लागि आवश्यक संस्थागत पूर्वाधार निर्माण गर्ने ।

२. लक्षित वर्ग केन्द्रित वित्तीय साक्षरता अध्ययन सामग्रीको प्रयोग सुनिश्चित गर्ने ।

३. वित्तीय साक्षरता कार्यक्रमको अनुगमनका लागि आधार निर्माण गर्ने ।

४. वित्तीय चेतना, ज्ञान र सीपको अभिवृद्धि गर्दै जिम्मेवार वित्तीय आचरणको विकास गर्ने ।

५. आधुनिक वित्तीय प्रविधिको प्रयोगलाई सरल, सहज र प्रभावकारी बनाउने ।

## ३) वित्तीय साक्षरता कार्यक्रम

इजाजतपत्रप्राप्त संस्थाले वित्तीय साक्षरता अभिवृद्धिको लागि विभिन्न प्रकारका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । वित्तीय ज्ञानको अभाव भएका व्यक्तिलाई औपचारिक वित्तीय प्रणालीमा समेट्नुका साथै सामान्य वित्तीय जानकारी भएका व्यक्तिलाई नयाँ वित्तीय अवधारणाको जानकारी गराउँदै वित्तीय प्रणाली प्रति अभ्यस्त बनाई धेरैभन्दा धेरै नागरिकमा औपचारिक वित्तीय प्रणालीमा

पहुँच पुऱ्याउने अभिप्रायले वित्तीय चेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । वित्तीय साक्षरता कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक संरचनाको विकास गर्ने र लक्षित वर्गका लागि उपयुक्त हुने गरी वित्तीय ज्ञानका विविध क्षेत्र समेटी व्यवस्थित रूपमा योजना तयार गर्नुपर्नेछ । यसरी योजना तयार गर्दा प्रत्येक लक्षित वर्गको वित्तीय ज्ञान (Knowledge), सीप (Skill), मनोवृत्ति (Attitude) र व्यवहार (Behaviour) परिवर्तनको लागि सैद्धान्तिक एवम् व्यावहारिक पक्ष समेटी अनुसूची १ बमोजिम चार तहमा कार्यक्रम संचालन गर्नुपर्नेछ । संस्थाको योजनाको उचित कार्यान्वयनका साथै कार्यक्रमको नियमित अनुगमन तथा रिपोर्टिङका लागि संस्थाले पूर्ण प्रतिवद्धता व्यक्त गर्नुपर्नेछ ।

**४) वित्तीय साक्षरता कार्यक्रमको स्तर र विषयवस्तु**

संस्थाले वित्तीय साक्षरतासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन तथा अध्ययन सामग्री सम्प्रेषण गर्दा यस बैंकबाट जारी वित्तीय साक्षरता ढाँचा (Financial Literacy Framework) लाई मुख्य आधारको रूपमा लिई लक्षित वर्ग अनुसारका कार्यक्रमको देहायबमोजिम स्तर निर्धारण गरी सोहीअनुरूप सहभागीको सैद्धान्तिक र व्यावहारिक पक्षमा दक्षता अभिवृद्धि हुने गरी विष्यवस्तु समावेश गर्नुपर्नेछ :

| आधारभूत स्तर | उच्च स्तर |
|---|---|
| दैनिक जीवनमा आवश्यक सामान्य वित्तीय ज्ञान । | आधारभूत वित्तीय अवधारणाको अलावा थप ज्ञान । |
| **वित्तीय अवधारणा** | |
| १. आवश्यकता तथा चाहनाहरू<br>२. वित्तीय उद्देश्य<br>३. गुनासो व्यवस्थापन | १. वित्तीय अनुशासन<br>२. विद्युतीय वित्तीय सेवाहरू<br>३. धितोपत्र बजार |
| **योजना तर्जुमा तथा व्यवस्थापन** | |
| १. पारिवारिक बजेट<br>२. बचत<br>३. कर्जा<br>४. वित्तीय सेवा प्रदायक संस्थाहरू<br>५. विप्रेषण<br>६. लघु उद्यम तथा व्यवसाय योजना<br>७. जोखिम व्यवस्थापन | १. विविध बचत तथा कर्जा योजना<br>२. वित्तीय विश्लेषण सहितको निर्णय<br>३. विद्युतीय वित्तीय सेवाका विविध किसिमको उपयोग |

वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन एवम् सामग्री सम्प्रेषण गर्दा अनुसूची २ बमोजिमको ढाँचा अवलम्बन गर्न सकिनेछ ।

## ५) लक्षित ग्राहकको वर्गीकरण

इजाजतपत्रप्राप्त संस्थाले यस बैंकबाट जारी वित्तीय साक्षरता ढाँचा (Financial Literacy Framework) अनुरूप वित्तीय साक्षरता कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि ग्राहकको वर्गीकरण देहायअनुसार गर्नुपर्नेछ :

१) नियमित आम्दानी प्राप्त गर्ने (रोजगार)

२) निश्चित आम्दानी नभएका (कृषक, साना उद्यमी)

३) विद्यार्थी (माध्यमिक र उच्च माध्यमिक तहका विद्यार्थी)

४) महिला

५) विप्रेषण प्रापक

## ६) वित्तीय साक्षरता सामग्रीको निर्माण

संस्थाले वित्तीय साक्षरतासम्बन्धी अध्ययन सामग्री सम्प्रेषण गर्दा मूलतः उपयोगी वित्तीय ज्ञान तथा सीप विकास गर्ने विषयमा केन्द्रित हुनुपर्नेछ । यस्ता कार्यक्रम गर्दा आफ्ना सेवाको विज्ञापन गर्ने, संस्थाको ब्राण्डिङ गर्ने, व्यापारिक क्याम्पेन गर्ने जस्ता कार्य मात्र गर्न पाइने छैन । यसरी प्रदान गरिने वित्तीय ज्ञानका लागि देहायबमोजिम सामाग्री/माध्यम प्रयोग गर्न सकिनेछ :

१) सामाजिक सञ्जाल,

२) रेडियो तथा एफ.एम.,

३) टेलिभिजन,

४) पत्रपत्रिका तथा अन्य सञ्चार माध्यम

५) पम्प्लेट,

६) बुकलेट,

७) तालिम (पाठ्य सामाग्री),

८) कथा, कविता, कमिक,

९) गीत,

१०) संस्थाको वेबसाईट, आदि ।

## ७) योजनावद्ध कार्यान्वयन

१) संस्थाहरूले वित्तीय साक्षरता कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय कार्यालयमा वित्तीय साक्षरताको कार्य गर्ने इकाई (Financial Literacy Unit) वा कुनै इकाईलाई सोको जिम्मेवारी तोकिएको हुनु पर्नेछ ।

२) उक्त इकाईले वित्तीय साक्षरतासम्बन्धी वार्षिक कार्ययोजना बनाई स्थानीय तथा प्रादेशिक स्तरमा वित्तीय साक्षरतासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । वार्षिक कार्ययोजनामा वित्तीय साक्षरताका लागि तयार गरिएका कार्यक्रमको विवरण, समय तालिका एवम् कार्यक्रम सञ्चालनमा लाग्ने लागतसमेत अनुमान गर्नुपर्नेछ ।

३) वित्तीय साक्षरतासम्बन्धी योजना तथा कार्ययोजना तर्जुमा गर्दा आधारभूत रूपमा यस बैंकबाट जारी वित्तीय साक्षरता ढाँचा (Financial Literacy Framework) लाई पालना गर्नुपर्नेछ ।

४) योजना तर्जुमा तथा कार्यक्रम निर्माण गर्दा हरेक लक्षित वर्गका लागि कार्यक्रम बनाई सोअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

५) वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्दा दुर्गम तथा वित्तीय पहुँच कम भएका लक्षित वर्ग र स्थानलाई प्राथमिकता दिनुपर्नेछ ।

६) वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमका लागि स्रोत व्यक्ति तयार गर्न बैंकका कर्मचारीलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

७) संस्थाले नियमित रूपमा विभिन्न माध्यमबाट लक्षित वर्गअनुरूप वित्तीय साक्षरतासम्बन्धी अध्ययन सामग्री सम्प्रेषण गर्नुपर्नेछ । साथै, खाता खोल्ने, बैंक खातामा बचत गर्ने, रकम झिक्ने, रकमान्तर गर्ने जस्ता आधारभूत क्रियाकलापको प्रयोगाात्मक शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

८) बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय साक्षरतासम्बन्धी आवधिक कार्ययोजना तयार गर्दा हरेक लक्षित वर्गको वित्तीय ज्ञान, सीप, मनोवृत्ति र व्यवहार परिवर्तनका लागि सैद्धान्तिक एवम् व्यावहारिक पक्षलाई समेट्नु पर्नेछ ।

९) बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय साक्षरता कार्यक्रमको लक्ष्य, विषय, विधि तथा माध्यमको छनौट गर्दा अधिकतम् लक्षित वर्ग समेटिने गरी गर्नुपर्नेछ ।

१०) बैंक तथा वित्तीय संस्थाहरूले व्याज अनुदान प्राप्त हुने विभिन्न प्रकारका सहुलियतपूर्ण कर्जा, आधुनिक प्रविधिमा आधारित भुक्तानी सेवाहरू, वित्तीय सेवा प्रवाहसम्बन्धी गुनासो सुनुवाई एवं व्यस्थापन प्रणालीको बारेमा सर्वसाधारणले सहजै बुझ्ने र सूचना पाउन सक्ने गरी आवश्यक संयन्त्रको विकास गर्नुपर्नेछ ।

११) बैंक तथा वित्तीय संस्थाहरूले तयार पारेका वित्तीय साक्षरता कार्ययोजनाको उचित कार्यान्वयनका साथै कार्यक्रमको नियमित मूल्याङ्कन तथा रिपोर्टिङका लागि पूर्ण प्रतिवद्धता व्यक्त गर्नुपर्नेछ ।

## ८) वित्तीय साक्षरता कार्यक्रमको अनुगमन

(क) इजाजतपत्रप्राप्त संस्थाले वित्तीय साक्षरतासम्बन्धी कार्ययोजना आर्थिक वर्षको पहिलो त्रयमासभित्र नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्नेछ ।

(ख) संस्थाको केन्द्रीयस्तरबाट वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरूको नियमित रूपमा आन्तरिक मूल्याङ्कन गर्नुपर्नेछ । यस्तो मूल्याङ्कन प्रतिवेदनमाथि संस्थाको सञ्चालक समितिले वार्षिक रूपमा छलफल गरी संस्थाको गतिविधिको समीक्षासहित वार्षिक रूपमा दोस्रो त्रयमासभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

(ग) इजाजतपत्रप्राप्त संस्थाले अर्धवार्षिक रूपमा (साउन र माघ महिनामा) अनुसूची ३ बमोजिमको ढाँचामा तथ्याङ्क नेपाल राष्ट्र बैंकसमक्ष पेश गर्नुपर्नेछ ।

## ९) विविध व्यवस्था

(क) वित्तीय साक्षरताको अभिवृद्धिले वित्तीय सेवाको माग बढाउनुको साथै स्वस्थ प्रतिस्पर्धाको विकास, वित्तीय सेवाको विविधता तथा नवीनतम वित्तीय सेवाको खोजी/प्रयोगमा समेत टेवा पुऱ्याउने हुँदा इजाजतपत्रप्राप्त संस्थाहरूलाई योजनावद्ध रूपमा वित्तीय साक्षरताका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमहरू तर्जुमा गर्न प्रेरित गरिएको छ ।

(ख) वित्तीय सचेतना तथा साक्षरताका कार्यक्रमहरू व्यवसाय विस्तार वा व्यापारिक मनसायले नभई सामाजिक उत्तरदायित्वको भावनाले प्रेरित हुनुपर्नेछ ।

(ग) वित्तीय साक्षरता सम्बन्धमा भए गरेका कार्यसम्बन्धी सूचनाले जनमानसमा सकारात्मक प्रभाव पार्ने भएकोले आफूले सम्पन्न गरेका वित्तीय साक्षरतासम्बन्धी कार्यहरूका बारेमा इजाजतपत्रप्राप्त

संस्थाले नियमित रूपमा आफ्नो वेबसाइट तथा सामाजिक सञ्जालमार्फत् सूचना प्रवाह गर्न सक्नेछन् ।

(घ) वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरू कुनै विशेष भूगोल वा विशेष वर्गमा मात्र केन्द्रित नभई संस्थाको कार्यक्षेत्र भित्रका सबै स्थान तथा सबै लक्षित समूहमा लक्षित हुने गरी न्यायोचित ढंगले कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ङ) ज्ञान र सिकाईको प्रभावकारितामा ध्यान दिई मितव्ययी र पारदर्शी ढंगले कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

*****

**अनुसूची १: लक्षित वर्ग अनुरूप सञ्चालन गरिने वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्न सकिने तहगत विषयवस्तु**

| वित्तीय साक्षरताको तह | | नियमित आम्दानी प्राप्त गर्ने | निश्चित आम्दानी नभएका | विप्रेषण प्रापक | महिला | विद्यार्थी |
|---|---|---|---|---|---|---|
| लक्षित छलफलका विषयहरू | सैद्धान्तिक जानकारी | ●वित्तीय अनुशासन | ●आवश्यकता तथा चाहनाहरू<br>●वित्तीय लक्ष्य<br>●वित्तीय अनुशासन | ●आवश्यकता तथा चाहनाहरू<br>●वित्तीय अनुशासन | ●वित्तीय लक्ष्य<br>●वित्तीय अनुशासन | ●आवश्यकता तथा चाहनाहरू<br>●वित्तीय लक्ष्य<br>●विद्युतीय वित्तीय सेवाहरू |
| | व्यावहारिक पक्ष | ●वचत<br>●कर्जा<br>●विद्युतीय वित्तीय सेवाहरू | ●ऋण लिने<br>●वचत गर्ने | ●विप्रेषण | ● लघु उद्यम तथा व्यवसाय योजना बनाउने | ● विद्युतीय वित्तीय सेवाहरू |
| नियामकीय परिप्रेक्ष्यका ज्ञान | | ●केन्द्रीय बैंकको परिचय तथा कार्यहरू<br>●ग्राहक संरक्षण<br>● ब्याजदर<br>●कोषको लागत<br>●सहुलियतपूर्ण कर्जाका नीतिहरू<br>●ग्राहक पहिचान<br>● सम्पत्ति शुद्धीकरण<br>● सफा नोट नीति<br>●आय उत्पादनका उपायहरू | | | | |
| छलफलका अन्य विषयहरू | | ●गुनासो व्यवस्थापन<br>●धितोपत्र बजार<br>●घरायसी बजेट<br>●तर्कसंगत वित्तीय निर्णयहरू | ●गुनासो व्यवस्थापन<br>●विद्युतीय वित्तीय सेवाहरू<br>●घरायसी बजेट<br>●वित्तीय सेवा प्रदायक<br>●लघु उद्यम तथा व्यवसाय योजना बनाउने<br>●जोखिम व्यवस्थापन | ●वित्तीय लक्ष्य<br>●विद्युतीय वित्तीय सेवाहरू<br>●घरायसी बजेट<br>●वित्तीय सेवा प्रदायक<br>●विद्युतीय वित्तीय सेवाका प्रकार | ●आवश्यकता तथा चाहनाहरू<br>●गुनासो व्यवस्थापन<br>●घरायसी बजेट<br>●वचत<br>●कर्जा<br>●वित्तीय सेवा प्रदायक<br>●विप्रेषण<br>●जोखिम व्यवस्थापन<br>●विद्युतीय वित्तीय सेवाहरू<br>●तर्कसंगत वित्तीय निर्णयहरू | ● गुनासो व्यवस्थापन<br>● बचत<br>● विद्युतीय वित्तीय सेवाहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| **सामग्री प्रदर्शनबाट दर्शाउनुपर्ने विषयहरू** | ●वित्तीय सेवा प्रदायक | ● विप्रेषण | ●गुनासो व्यवस्थापन<br>●कर्जा<br>●लघु उद्यम तथा व्यवसाय योजना बनाउने<br>●जोखिम व्यवस्थापन | ●धितोपत्र बजार<br>●विद्युतीय वित्तीय सेवाका प्रकार | ●ऋण<br>●वित्तीय सेवा प्रदायक<br>●वित्तीय लक्ष्य<br>●लघु उद्यम तथा व्यवसाय योजना |

**अनुसूची २: लक्षित वर्ग अनुरूप सञ्चालन गरिने वित्तीय साक्षरता कार्यक्रममा समावेश विषयवस्तुले सहभागीमा विकास गर्नुपर्ने दक्षता (वित्तीय ज्ञान, सीप, मनोवृत्ति र व्यवहार परिवर्तन) ।**

| | **ज्ञान** | **सीप** | **मनोवृत्ति** | **व्यवहार परिवर्तन** |
|---|---|---|---|---|
| **आधारभूत वित्तीय चेतना (सैद्धान्तिक पक्ष)** | | | | |
| आवश्यकता तथा चाहनाहरू | आवश्यकता भनेको के हो ? चाहना भनेको के हो ? | आवश्यकता र चाहनाको भिन्नता | आवश्यकता र चाहना अनुसार निर्णय गर्ने प्रतिवद्धता | आवश्यकता र चाहना अनुसार बचत र खर्चको प्राथमिकीकरण |
| वित्तीय लक्ष्य | लक्ष्य कसरी निर्धारण गर्ने ? लक्ष्य निर्धारण गर्न किन आवश्यक छ ? | वित्तीय लक्ष्य निर्धारण गर्ने सीप | वित्तीय लक्ष्य निर्धारण गर्ने इच्छा | अल्पकालीन र दीर्घकालीन लक्ष्य निर्धारण ,<br><br>वित्तीय लक्ष्य हासिल गर्न आइपर्ने अड्चनको सामना |
| गुनासो व्यवस्थापन | गुनासो के हो ?<br><br>गुनासो सुनुवाईको दरखास्त कसरी गर्ने ? | गुनासो व्यवस्थापनको प्रक्रिया | गुनासो सुनुवाईको दरखास्त सम्बन्धित जिम्मेवार अधिकारीसमक्ष पेश गर्ने आत्मविश्वास | गुनासो सुनुवाईका कानूनी उपाय अवलम्बन |
| **उच्च स्तरको वित्तीय चेतना (सैद्धान्तिक पक्ष)** | | | | |
| वित्तीय अनुशासन | वित्तीय अनुशासन के हो र यो किन महत्वपूर्ण छ ? | बजेट निर्माण तथा खराब कर्जाको पहिचान | खर्चको योजनाअनुसार चल्ने अनुशासन,<br><br>वित्तीय लक्ष्य हासिल गर्ने प्रतिवद्धता | वित्तीय आत्मनिर्भरता,<br><br>वित्तीय बजेटको सही कार्यान्वयन |
| विद्युतीय वित्तीय सेवाहरू | विद्युतीय वित्तीय सेवाका विभिन्न उपकरणहरू (डेविट कार्ड, मोबाइल वालेट, क्रेडिट कार्ड) | वित्तीय सेवाको प्रयोग गर्ने सीप | वित्तीय सेवाको प्रयोग गर्ने इच्छा | नगदरहित कारोबार,<br><br>विद्युतीय उपकरणको प्रयोग |
| धितोपत्र बजार | धितोपत्र बजार संचालनसम्बन्धी जानकारी | प्राथमिक तथा दोश्रो बजारको जोखिम तथा आम्दानी | धितोपत्र लगानीमा विश्वास | धितोपत्र बजारमा लगानी |
| **आधारभूत वित्तीय चेतना (व्यवहारिक पक्ष)** | | | | |
| पारिवारिक बजेट | बजेट निर्माणका फाइदा<br><br>नगद प्रवाहको पहिचानको महत्व | वित्तीय डायरी भर्ने<br><br>बजेट निर्माण गर्ने<br><br>खर्च योजना बनाउने | बजेट पालना गर्ने प्रतिवद्धता<br><br>नगद व्यवस्थापनमा आत्मविश्वास | पारिवारिक आम्दानी, खर्च र बचतसम्बन्धी योजना तथा बजेट,<br><br>वित्तीय डायरी भर्ने बानी |

| | | | | |
|---|---|---|---|---|
| | खर्च योजनाका फाइदा | | भावी योजना बनाउने इच्छा | |
| बचत | बचतको उद्देश्य<br>बचतका विभिन्न उपाय<br>बचत योजनाका प्रमुख पक्षहरू | बचत खाता,<br><br>बचत खाता खोल्ने प्रक्रिया | बचतमा विश्वास,<br><br>नियमित बचत गर्ने अनुशासन | बचत गर्ने बानी,<br><br>बैंकमा बचत ब्याजको हिसाब |
| कर्जा | कर्जा तथा कर्जाका फाइदा र बेफाइदा<br><br>कर्जा लिने वैकल्पिक श्रोत<br><br>कर्जा व्यवस्थापनका नीतिहरू | कर्जाका प्रकार<br><br>कर्जा निवेदन<br><br>ब्याजदरको हिसाब | उपयुक्त नभएका कर्जा शर्तहरू अस्वीकृत गर्ने,<br><br>कर्जा योजना पालना गर्ने अनुशासन | बैकिङ क्षेत्रमा कर्जाको विस्तार,<br><br>उपयुक्त कर्जा छनौट |
| वित्तीय सेवा प्रदायक | विभिन्न वित्तीय सेवा प्रदायक संस्थाहरूको जानकारी | वित्तीय सेवा प्रदायक संस्थाहरूको भिन्नता | उपयुक्त वित्तीय सेवा प्रदायक छनौटमा आत्मविश्वास | नेपालमा विद्यमान विभिन्न वित्तीय सेवा प्रदायक संस्थाहरू र तीनका सेवाको उपयोग |
| विप्रेषण | विदेशबाट पठाएको पैसा प्राप्त गर्ने र पठाउने तरिका | विप्रेषण सम्बन्धी फारम भर्ने उत्पादनमूलक र अनुत्पादक खर्चको भिन्नता | विप्रेषणको उत्पादनमूलक क्षेत्रमा उपयोग | औपचारिक वित्तीय प्रणालीबाट विप्रेषण प्राप्त गर्ने |
| लघु उद्यम तथा व्यवसाय योजना | व्यावसायिक योजनाका सिद्धान्त<br><br>योजना निर्माणका चरण<br><br>व्यावसायिक योजनाको प्रयोग | व्यावसायका कानूनी आवश्यकता, वित्तीय आवश्यकतामा बैकको भूमिका<br><br>अल्पकालीन वित्त व्यवस्थापन | व्यावसायिक योजना तयार गर्ने र पालना गर्ने आत्मविश्वास | लघु उद्यमका लागि व्यवसायिक योजना निर्माण |
| जोखिम व्यवस्थापन | वित्तीय जोखिमका विविध पक्ष | विभिन्न प्रकारका जोखिम | जोखिम व्यवस्थापनमा आत्मविश्वास,<br><br>जोखिम व्यवस्थाप योजना तयार गर्ने दक्षता | दीर्घकालीन बचत, जोखिम न्यूनीकरणका उपाय, बिमा योजना |
| विद्युतीय वित्तीय सेवाहरू | विद्युतीय वित्तीय सेवा संचालनका संयन्त्र | विद्युतीय वित्तीय उपकरणको उपयोग | विद्युतीय वित्तीय उपकरणको उपयोग गर्ने इच्छा | नगदरहित कारोबार<br><br>विद्युतीय उपकरणको प्रयोग |

| **उच्च स्तरको वित्तीय चेतना (व्यवहारिक पक्ष)** | | | | |
|---|---|---|---|---|
| बचत तथा कर्जाको विविधिकरण | बचत तथा कर्जा विविधीकरणको अर्थ र औचित्य | भैपरि आउने योजना सहितको बचत तथा कर्जा योजना<br><br>कम्पाउण्ड ब्याजदर बिबिध वित्तीय सेवाको bundling | बैकिङ प्रणालीमा विश्वास | दीर्घकालीन वित्तीय योजना,<br>कर्जा सुविधाको विविधीकरण,<br>न्यून खराब कर्जा |
| तर्कसंगत वित्तीय निर्णयहरू | विभिन्न किसिमका वित्तीय निर्णयहरू<br><br>वित्तीय निर्णय गर्दा विचार गर्नुपर्ने पक्षहरू<br><br>समयानुसार पैसाको महत्वसम्बन्धी जानकारी | समयानुसार पैसाको मूल्य<br><br>दीर्घकालीन बजेट तथा लगानी<br><br>बैंक कर्जाका लागि व्यवसायिक प्रस्ताव निर्माण | विभिन्न किसिमका वित्तीय निर्णय गर्ने आत्मविश्वास | तर्कसंगत वित्तीय निर्णय |
| विद्युतीय वित्तीय सेवाका विविधताहरू | विद्युतीय वित्तीय सेवाका क्षेत्रहरू | विविध कारोबारका लागि विद्युतीय वित्तीय सेवाको उपयोग | विद्युतीय वित्तीय कारोबार गर्ने इच्छा | सबै वित्तीय सेवाका लागि विद्युतीय माध्यम |

**अनुसूची ३**

........... बैंक लिमिटेड

## वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम

### आ.ब. ..... को ..... देखि .... सम्मको अवधि

| क.स | कार्यक्रमको नाम | मिति | सञ्चालन गरिएको स्थान र प्रदेश | लक्षित वर्गको संख्या * | | | | | सहभागी संख्या | समेटिएका मूख्य विषयवस्तु | प्रयोग भएका सामाग्री | श्रोत व्यक्ति | अपेक्षित परिणाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

* मार्गदर्शनको बुँदा नं ५ बमोजिम लक्षित वर्गः (१) नियमित आम्दानी प्राप्त गर्ने, (२) निश्चित आम्दानी नभएका, (३) विद्यार्थी (४) महिला (५) विप्रेषण प्रापक